# लुम्बिनी अंचलका ऐतिहासिक पत्र ।

—शंकरमान राजवंशी

नेपालको पश्चिमी भागको लुम्बिनी अंचलमा अर्घा नामक ठाउं छ । अर्घादेखि माथि धूरकोट र धूरकोटदेखि माथि इस्माकोट पर्दछ । त्यस इस्माकोटमा जोगीको गूठी रहेछ । उक्त गूठीको जग्गा वि. सं. १८६२ मा हरण भएको रहेछ । वि. सं. १८६२ मा श्री ५ रणबहादुर शाहका पालामा धेरै बिर्ता र गूठी जग्गा हरण भएको थियो, जसलाई बासट्ठीहरण भन्दछन् । उक्त हरण भएको इस्माकोटको गूठी जग्गालाई श्री ५ राजेन्द्रविक्रम शाहले थामिदिएको कुरा वि.सं. १८९८ को तल दिइएको पत्रमा उल्लेख छ । अर्को कुरा कन्फट्टा जोगीलाई पुजारीको बाहाली दिने विषयमा उजूरी जाहेर गरेकोमा श्री ३ जंगबहादुरले कन्फट्टा जोगी जमु नाथलाई गूठीको पुजारीमा बाहाली दिएको कुरा वि. सं. १९२७ को तल दिइएको पत्रमा उल्लेख छ । त्यस्तै गुल्मी धरमपानीमा रहेको गूठी पहिलेको स्थिति बन्देजबमोजिम थामिदिएको वेहोरा वि. सं. १९३२ को तल दिइएको पत्रमा उल्लेख छ ।

अर्घा रजस्थलको ऐतिहासिक कुरा, त्यहांको महाकाली को जात्रा चलाउने गुठियार भुसालको कुरा तथा महाकाली ल्याएको कुरा प्राचीन नेपाल संख्या ७ को पृष्ठ ३१–३३ मा प्रकाशित वि. सं. १९६१ को जंगबहादुरको रुक्कापत्रमा उल्लेख भएको छ । त्यसैलाई लिएर श्री रणउदीपसिंहले पनि ती भुसालहरूलाई गूठीको स्थिति बन्देज गरिदिएको कुरा तल दिएको वि. सं १९३६ को पत्रमा उल्लेख छ । त्यसपछि श्री ३ वीरशंशेरले पनि ती भुसालहरूलाई गूठी थामिदिएको छ । त्यस कुराको उल्लेख तल दिइएको वि. सं. १९५६ को पत्रमा गरिएको छ । पूर्वोक्त पत्रहरू यथाक्रमले संक्षिप्त परिचयसहित दिइएको छ ।

## श्री ५ राजेन्द्रविक्रमको वि. सं. १८९८ को रुक्कापत्र ।

**परिचय:—**

श्री ५ राजेन्द्रविक्रम शाहबाट अम्बरनाथ जोगीलाई इस्माकोटको गूठी जगा थामिदिई गरिदिएको यो रुक्का हो ।

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का— — —
आगे अम्वर नाथ जोगीको इस्माकोटका ···१··· को गूठी ६२ सालमा जफ्ती हुंदा साल ९३ मा जांच गै जांच्दा गूठीको जगा नभै हुन्या रहेनछ भन्या ठहराई वीन्तीपत्रमा भयको जगा गुठी गरी वक्स्याको हो दुई ताली गूठीले

---

प्राचीन नेपालको संख्या ७ मा "अर्घाबाट प्राप्त केही ऐतिहासिक पत्र" शीर्षकमा अर्घासम्बन्धी केही पत्र प्रकाशित भैसकेका छन् । त्यस वेला छुटेका अर्घासम्बन्धी पत्र र त्यसै वखतको भ्रमणमा प्राप्त इस्माकोटसम्बन्धी पत्रहरू समेत एकत्रित गरी अहिले यहां दिइएको छ । अर्घासम्बन्धी बिस्तृत ऐतिहासिक विवरण उक्त प्राचीन नेपालको संख्या ७ मा परिसकेका छन् । —सं.

बेहोरी सक्यापछि त्यो जगा बटुकदलको ठहरी गुठीले बेहोरन नपाउदा गुठीलाई समझाउन्या हुं भनी बीन्ती गर्न आउदा जाहेर भयो बीर्ता गुठ कीपट बटुकदल पल्टन कम्पनीका जागीरमा भर्ना भयाको बाहेकबमोजिम तपसील को बाक्रो जगा बीराउनु बगर षेत मुरी । ४४ गुठी र अघी देषी आफुले चल्याको हलको षरक मँदाको घड्यारी चार हजारको अघी देषी षाई आयको पाथी मानु आनु इस्मा अर्जे घमीर अम्बरपुरका कुमालको बेटीले सदाका रीत-बमोजिम····२····को टहल गराउनु इस्माका जोगीको बंड कुंड मन्यो अनुताली आनु मानु जोगी तो पैसा र गुठमा दरीयाका जगामा महंत मंडलीले पनी टंटा नगर्नु भनी परापुर्षादेषी खाई चर्ची बेहोरी आयको रीतबमोजिम थामी गुठमा दरी पुजाहारा थामी बक्स्यौं आफ्ना षातीर-जामासंग गुठमा दरीयाको दैदस्तुर पटबाक्रो बीह्लाई दरीया-का जगाको पैदावरले गुठ चलाई हाम्रो जय मनाई सेस रह्याको भोग्य गर – – – – – – – –

तपसील

| | |
|---|---|
| आलीको पाटो बाक्रो बीह्लाउनु – – – – | ।२० |
| डुभाहारको डीही बाक्रो बीह्लाउनु – – – | –।१० |
| बंगाड षोलो दलसींगे क्रम्टाम्चाको बाक्रो बीह्लाउनु– – | ३ |
| अर्वादी फेदी फाट पारीको वगर बीह्लाउनु– – | –।३ |
| अधीयाका पुछारको बगर बीह्लाउनु – – – | –।४ |
| बंगाडको उपल्लो तल्लो क्राम्टो बाक्रो बीह्लाउनु– | –।४ |

– – – – – – – – – – – –

इती सम्बत् १८९८ साल मीती ज्येष्ठ वदी ५ रोज २ सुभम् – – – – – – – – – –

—।—

## श्री ३ जंगबहादुरको वि. सं. १९२७ को

## रुक्कापत्र ।

**परिचय:–**

इस्मा रजस्थलको पुजारी बनाई गुठ चलाउने विषयमा श्री ३ जंगबहादुरको यो रुक्कापत्र श्री कम्याण्डर इन चीफ जनरल रणोद्दीपसिंहद्वारा इस्मा रजस्थल बस्ने जमु नाथ कन्फट्टा जोगीलाई लेखिई गएको हो ।

स्वस्ति श्री मदतिप्रचराडभुजडराडेत्यादी श्री श्री महाराज जंगबहादुर राणा जी. सी. बी. प्राइम्मिनिष्टर योराड कम्याराडरकस्य रुक्का – – – – –

स्वस्ति श्री मद्राजकुमार कुमारात्मक श्री कम्याराडर इन चीफ जनरल रणदीपसिंह कुवर राणाकस्य पत्रम्– –

आन्ये इस्मा रजस्थल बस्ने जमु नाथ कन्फट्टा जोगीके येथोचीत उप्रान्त जील्ला इस्मा रजस्थलका····१····का गुठका लालमोहरमा कुनौटा भन्या षेत मुरी ।१० लाल-मोहरमा हरप थपेको हुदा जाचबाट यो लालमोहरमा षेत मुरी । १० को हरप थप्याको कस्ले हो भनि हामि जांचले समाउदा नीज लालमोहरको पुजाहारी लाल मन्याको रहेछ नीजको छोरा रती नाथलाई समाउदा मेरा बाबु रती नाथले कृया गरी षेत मुरी ।१० हरप थप्याको साचो हो भनि ज्वाबंदी लेषिदीदा स्व ज्वांबन्दी र रपोट चढाई पठाउदा नीज रति नाथलाई जगा मीचन्या ३६ लबरका ऐनबमोजीं नीज रति नाथलाई मोहरु १। दंड भैसक्यापछि नीज रति नाथले ताह्रा आई षेत मुरी ।४४ मध्ये षोला ।३७ बाकी अवादी षेत मुरी ।७ र षोलो लागेको षेत अवाद गरी ···१···को पुजा चलाउदा हुँ भन्या रिपोट चढाई हाम्रा नाउँमा अरू कसैले कबोल गर्छन् भन्या कबोल गराई स्वबमोजींको रीपोट लेषिपठाउनु कसैले कवोल गन्यानन् यहि बेहोराले रति नाथले मात्र कबोल गन्या सो बेहोराको रिपोट लेषि पठाउनु भन्या २६ साल मिति चैत्र सुदि १३ रोज ५ मा ···२···का रुक्का दस्कतबमोजीं नीज इस्मा भलाआदमी र कन्फट्टा जोगी गैह्रलाई सोद्दा नीज ईस्मा रजस्थल बस्न्या जमु नाथ कन्फट्टा जोगीले कबोलनाम लेखिदीदा नीज गाउका जींमावाल मुषिया भलाआदमीले पनि नीज जमु नाथ भया ···१···को पुजा चल्छ हामी राजी छौं भनि मुचुल्का लेषि दीदा नीज जमु नाथलाई···१···को पुजा चलाउनलाई दीयाका छौ नीज जमु नाथको कवुलनामा र नीज गाउका भलाआदमीको मुचुल्कास्मेत चढाई पठायाको छ साबीक सनद छैन सोधनु भन्या सवाल हुकुम मर्जी अंन छ जो मर्जी भनि २७ साल श्रावण सुदी ८ रोज ४ मा गलकोटतर्फ महाराजका डिट्टा रबीनारां मुषिया हरिमाधोले ठहराई पठायाका रिपोटमा रुक्काबमोजीं गाउका जीमवाल थरी

मुखिया भलाआदमी गैह्र सामेल गरी सोद्धा जमु नाथ कन्फट्टा जोगीले कबुल गर्दा र नीज गाउका जातीपकारले राजीनामा लेखिदीयाको हुनाले नीजको नाउमा पुजाहारीको सनद गरी दिनु भन्या ठहरायूं गरी बक्सनु नबक्सनु जो मर्जी भनि सदर महाजाच बन्दोबस्त दफ्तरखानाका सुब्बा षडानन्द उपाध्या षरीदार दौलथसिले ठहराई लेखायेकामा कौसलबाट तजबीज गर्दा यस मुद्दामा सदर महाजाच वन्दोबस्तबाट ठहराई लेष्याबमोजींको ज्वाफ हामीले पनि मुनासिब ठहरायूं भनि कौसल लंबरबाट बोक लेष्याका २२१ का लंबरका रीपोटमा कौसल घोश्वाराबाट सो तोक मुनासिब ठहरायूं भनि हाम्रा हजुर्मा बिन्ती पार्दा जाहेर भयो तसर्थ सदर भन्या लेषि हामीबाट सदर गरी बक्स्यामुताबिक तीमीले महाजाचमा लेषीदीयाका कबुलीयतबमोजीं तीम्रा नाउमा इस्माकोटका ... १ ... को पुजाहारीका बाह्यालीको रुक्का दस्कत गरी बक्स्यौ लाल नाथ जोगीले पछि लालमोहरमा थप्याको कुनौटाका बीरौला षेत मुरी ११० बाहेक अम्बर नाथ जोगीका नाउमा भयाका १९९८ सालका मोहरमा दरीयाबमोजींका जगाको पैदावार दैदस्तुर रीतले .... १ ... को गुठ चलाईं हाम्रा जय मनाई सेष रह्याको भोग्य गर इती सम्बत् १९२७ साल मीती कार्तीक वदी १२ रोज ६ सुभम् — — — — — — — —

—।—

## ले.ज. वीरशमशेरको वि.सं. १९३२ को दस्तखतपत्र ।

**परिचय:–**

यो पत्र पूर्वतर्फका लेपटेन जनरल वीरशमशेरले गुल्मी धरमपानी बस्ने गुठियार नेवारहरूलाई गूठी थामी गरिदिएको दस्तखतपत्र हो ।

स्वस्ति श्रीमद्राजकुमार कुमारात्मज श्रीलेफ्टेन जनरल वीरशमशेर जंग राणाकस्य पत्रम्... ... ... ... .... ...

आगे उक्त गुठमा दरियाको नेवार घर कुरिया गैह्रकै यथोचित उप्रान्त गुठमा दरियाको गुल्मीका अम्वलमध्ये मौजे घरपानीको नेवार घर कुरियाको घर जगा दंड कुंड मरे अपुताली चाकचकुई दस्तुर पैदावारकै निज गुठीभित्रको ... १ ... का जात्रा र पर्व पर्वका पूजा चलाउनू भजनमा रुजु रहनु छारा वेठ वेगार उघाउनी सागुन्या फागु जगा भसार नीरष नीकासी गोडधुवा गरी चुमावन रैरकं अरु रकमीले लिन पाउदैन भनी तावापत्र लालमोहर २२ सालमा रुक्का दस्कत भयाको छ सो रुक्काको नक्कल सारी सक्कलवमोजींको नक्कल दुरुस्त छ भनी स्हीछाप गरी एस्मा गासी जाहेर गर्‍याको छु हाल पनि सो थितीको सनद गरी वस्क्या काम चलाउन्या छु भनी केशवनारांद्वारा हाम्रा हजुर्मा विन्ति पार्दा जाहेर भयो तसअर्थ माथि लेखियाको तामापत्र लालमोहर र रुक्का दस्कत भयाको हो भन्या सोवमोजीं हामीवाट पनि थामी दस्कत गरी वक्स्यौ ३२ साल मिति फाल्गुण सुदि ६ रोज ४ सुभम्... ... ....

—।—

## श्री ३ रणोद्दीपसिंहको वि. सं. १९३६ को रुक्कापत्र ।

**परिचय:–**

श्री ३ रणोद्दीपसिंहले अर्घा रजस्थलका देवीदास भुसाललाई अर्घाकोटकी कालिकादेवीको पूजाको स्थिति वांधी गरिदिएको रुक्कापत्र कम्यारांडर इन चीफ धीरशंशेरद्वारा निजलाई लेखिई गएको हो ।

| | | |
|---|---|---|
| श्री कालिकादेवी | श्री ५ सर्कार | श्री राज |
| १ | २ | ३ |

स्वस्ति श्री मदतिप्रचराडभुजदराडेत्यादि श्री श्री श्री महाराज रणोद्दीपसिंह राणा बहादुर के. सी. यस. आई. थोङ लीन पीम्माको काङ वाङ स्यान प्राइममिनिष्टर याराड कम्याराडर इन चीफकस्य रुक्का — — –

स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्री कम्याराडर इन चीफ जनरल धीरसंशेर जंगबहादुरकस्य पत्रम्— —

आगे अर्घा रजस्थल वस्न्या गुठियार देविदास भुसालकै यथोचित उपरान्त अर्घाली राज्यका गुरु मेरा पुर्षा हुनाले गुरुसिच्छेका कुलायन पनि यकै पुजेका हुदा कुलायन पृति मोलावोट सेरा २।गुठी राषी अरु सराजामलाई दरवारबाट

रु १३। ले नित्ये नैमित्ये पर्व पर्व चैते वडा दसैंका वलि विधान विधिपूर्वक पूजा मेरा पुर्खा रोठाकहरूबाट ८३६ पुस्तासम्म चलाई आउदा गोर्षा ···२···को प्रवेश भयापछि वाजे पुर्ने जैसीका नाउमा लालमोहर हुदा स्व लालमोहर-वमोजिम गुठी चलाई आयाका रहेछन् निज बाज्याका नाउको मोहरमा भयाको वेहोरा हाली अर्को मोहर गराइ जत्रतत्र गरी गुठी चलाउदा अमालिले दिन्या सरजाममा मोरु १३। लि दर्श गर्दा पनि नसकि राजिनामा दि छोडदा ८ सालदेखि चौटारिया हरिकुमार शाहिलाई संग ली मैले गुठी चलाउदा जो भयाका सनदपत्र चुरै पाध्यासंग थियो र मेरा नाउला सनद भयाको थियेन निजै चुरै पाध्याले पनि राजीनामा दि सनद सवै मलाई सोपदा सालवसालको मेरा नाउमा रुक्का दस्तषत गरीवक्स्याको छ सो रुक्का दस्तषत र चुरै पाध्याले मलाई सोपेको सनदको वेहोरावमोजीम दर-साबिकदेषि दरी चली आयाकोमा मालियतले आजसम्म गुठी पूजा चलायाको छु सो गुठी चलाउनालाई अमालीले दिन्या सरजामका मोहरु १३। अमालिबाट दिदासम्म आफ्ना घरमा नफा टुटा केही पर्दैनथ्यो साबिकवमोजिम विधि चलथ्यो आजकाल अरू बेहोरा भन्या साविकबमोजिम चल्याकै छ अमालीबाट दिन्या रुपैया १३ जागीरदारका वेलामा भरना भयो···२···नबक्साइ दिदैनौ भन्दा साल-वसाल टुट परि मेरा घरघरानाबाट खर्च लगाइ गुठी चलाउनुपर्‍याको छ यस्तैमा ३६ सालको वडादसैंमा···२···का नाउमा जमरा राख्ने कल्ल्यावारियोका व्राह्मण, जोगी, भक्ति, तीर्थवासीहरूलाई भोज गराई दान दिन्या घरगंडी, बलक, जुता, चुरा र नौरथेका ठेकी ठेकदारहरूले बुझी सावीकमा घटाईदिदा जुता चुरा पनि किनी दान दिनुपर्‍यो इष्टमित्रबाट दुध दही फिकाई भोजन गराउनुपर्‍यो ध्वजा-लाई चाहिन्या बाघका छाला किनी काम चलाउनुपर्‍यो···१···का स्थानमा···२···का वलिमा रांगा ९ पाठा २७ भेडा ४ चाहिन्छन् बेद, रुद्रि, होम, जग्गे, चराडी पाठ, पुरान, सरालानाच देविजात्राका सिधा, दक्षिणा, नगद दस्तुरलाई र रागा, पाठां, नैबेद पकाउनालाई, धुप बत्तिलाइ घ्यू तेल परिद गर्नालाई समेत खर्च हुन्या जिन्सी धान मुरी ४२।७ नगदी मोरु ६५= ।।।३ षर्च चाहिन्छ ··१···का मन्दीरमा जीब चडाउन आउन्याहरूका पनी अढाई घडीका जसका तस हुन्छ···२···का बढन्या बषतमा बढन्या दीक्षा र रोगव्याध आउन्या; जन घट्न्या वखतमा घटन्यै दीक्षा समेत पाइन्छ यो गुठी चलाउदा विधि घटाइ चलायो भन्या कसैलाई उपद्रव बात लागन्या, कसैलाई अनेक दुःख आइ-लागन्या, कसैका छोरा मर्न्या, कसैका छोरा बौलाउन्या हुदा सबैले छोडी राजीनामा दीदा र अघी परापूर्वदेखी मेरा पूर्खालगायत वाज्या पुने जैसीका पालासम्म यो काम गरी आयाका हुदा र कुलायन पनि हाम्रै हुदा मेरा नाउमा सालवसालीको रुक्का दस्तषत वक्सदा मलाई गुठी चलाउनु परेको छ साविकवमोजिम अमालीबाट दिन्या रु १३। घट्दा र ९९ सालका तिथीका मोहरमा यो दसैंलाई पर्‍याको वेहोरा ९ सालको दस्तषतमा बाघ बल्झाउनालाई पर्‍याको बेहोरा ९३ सालमा लालमोहरमा पर्‍याको गैह्र बेहोरा हाली सनद वक्स्या···२···को वडादसैं दिन १५ चैत्यादसैं दिन ९ र पर्व पर्व नित्ये नैमित्ये पूजा चलाउन मुस्कील पर्‍याको छ षामित अमालीले दिन्या रु १३ सात सय अर्घाले परिआयाको आमदानीबाट ठेकदारहरूले दिनु अघीदेखि दरी चली आयाको घरगंडी, बलक, जुता, चुरा, नौरथेका ठेकी दरसाबिकमा कसैले खिचला नगर्नु दरसाबिकबमोजिम दिनु भन्या र ९३।९९।९ सालका सनदमा यो गुठी दसैंका विधि-पूर्वकलाई पर्‍याको बेहोरा गैह्र हाली थिति बन्देजको लाल-मोहर गरी पाया···२···को जय मनाई···१···को विधि पुजा चलाउदा हुं यो गुठीलाई भयाका सनद मेरा नाउको रुक्का सवैका नक्कल यसै रिपोटमा गासी चढायाको छु जो मर्जि हुकुम भन्या अर्घा रजस्थल बस्न्या गुठियार देविदास भुसालले चढायाका रपोटमा येस मुद्दामा सवैले छाडी राजीनामा दिदा र अघी परापुर्बदेखि मेरा पुर्खालगायत मेरा बाज्या पुर्ने जैसिका पालासम्म यो काम गरिआयाका हुदा र कुलायन पनि हुदा सालवसाल मेरा नाउमा रुक्का दस्तषत बक्सदा अमालिले दिन्या रु १३ सात सये अर्घालिले परिआयाको आमदानीबाट ठेकदार अमालिले दिनु अघी-देखि दरी चली आयेको घरगंडी, बलक, जुता, चुरा, नौर-थेका ठेकीमा कसैले षिचला नगर्नु दरसाबिकबमोजिम दिनु भन्या र ९३।९९।९ सालका सनदमा यो गुठी दसैंका बिधिपूर्वकलाइ पर्‍याको बेहोरा गैह्र हाली थिति बन्देजको लालमोहर गरी पाया···१···का विधि पूजा चलाउदा हुं भन्या मुद्दा लेष्याको रहेछ नीजका नाउमा ३१ साल माघ सुदि ८ रोज ७ मा सालवसाली भयाका पट्टाका रुक्का दस्तषतका वेहोरामा दानपत्र, सिलापत्र, तामापत्र, तारपत्र, लालमोहर, पोजील गैह्र सनदवमोजीम र अघीदेखी दरि

चली आयावमोजिम वडादसैं चैंतेदसैं पर्व पर्व पूजा सदावर्त गुठी षेत २। का उवजनी गैह्रले र अघिदेखि दरी चली आयाका दैंदस्तुरले चलाउनु भन्या मुद्दा लेष्याको देखिनाले ९३।९९।९ सालमा भयाका लालमोहर सनदवमोजीं आज-सम्म सोही थिति चल्याको रहेछ भन्या साबिकवालाले राजीनामा गरी दियाको छ भनि राजिनामाको नकल गासी जाहेर गन्याको हुनाले इनका नाउमा सो साविकवमोजिमको वेह्रोरा पारी सनद गरी दिनु भनि यो रपोट सदर दफतर-खानामा पठाई दिनुपर्ला कि भन्या हाम्रा चित्तमा लाग्छ जो मर्जी हुकुम भन्या हुकुमी निक्सारी १ लंवर श्रेस्ता अडाले र भारदारीले पनि सदर गन्याकोमा ३६ साल पौष सुदी ९ रोज ३ मा हामीवाट पनि सदर गरिवक्स्यावमोजिम नीज अर्घा रजस्थल बस्न्या गुठियार देविदास भुसालका नाउमा साबिकवमोजिम रुक्का दस्तखतको सनद हुनुपर्न्या ठहराई सदर दफतरखानाका नायव सुब्बा लक्ष्मीप्रसाद उपाध्यायले हाम्रा हजुरमा विन्ती पार्दा जाहेर भयो तसर्थ अर्घाकोटका "'१"'का स्थानमा अघीदेखी दरी चली आयावमोजिम ९३।९९।९ सालमा भयाका लालमोहर सनदबमोजिम तिम्रा नाउमा रुक्का दस्तषत गरिबक्स्यौ साविकबमोजिम "'१"' का स्थानमा अमालीबाट आउन्या सराजामले चैंत्यादसैं गर्नु गुठ रह्याको मोलावोट षेत २। का उबजनीले र अघिदेखी दरी चली आयाकै दैंदस्तुरले बडादसैं र पर्व पर्वका नित्ये नैमित्येक पूजा गर्नु "'३"'पल्टनका जागीरदारमा दरी आयाको कुमाल टारिका ठेक रुपैंयां २२। सालवसाल जागीरदारलाई बुझाई साबिकबमोजिम सो खेत दर्स गर्न्याले चलन गर्नु अघी परापूर्वदेखी चली आयावमोजिमका विधि विधानसंग बलिपूजा, पाठ गरी शेष रह्याको षानु साबिक चली आयाको श्रेस्तासंग कामकाजमा चाहियाको सरजाम, रागा, बोका अर्घाका थरी भलादमी रैतिहरूले दिनु काममा लाग्याका मालमोल साबिकदेखि चलिआयाबमोजीम लिनु राई षनियागाउका रैति घर १० लाई अरु जगाको झारा बेठबेगार माफ गरि थारपाइलाका छेडामा अघीदेखि थापी आयाबमोजीम षोर थापि बाघ बलझाउनु तेसैं बाघका छालाले "'१"'का स्थानमा ध्वजा बनाउनु षोरलाई दरिया-का घर १ को पंचषतवाहेक असमानि परिआयो भन्या त्यसै आमदानीले खोर पुजा गर्नु पाल्पाबाट त्यसतर्फ रागा, बोका लिन जान्या जनहरूले अर्घागाउ सात सयमा रागा बोकाको टंटा नगर्नु सो मौलामा साविकबमोजिम अर्घा जील्लापर चार हजारका थरि मुखिया सामेल भै चाहिन्या सराजाम लि मौलामा विधिपूर्वक दसैं गर्नु जस मुखियाले दसैंको काम हर्षत गर्ला अैनबमोजीम सजाय होला मौलामा बस्न्या कुरियाले "'१"'को स्थानमा भत्क्या विग्न्या माल बनाउनु अरु भारा टंटा नलाउनु बाटा, धारा पधेराका रुख फलन्या रुष नकाट्नु बाटो, पधेरो बनाउनु मौलामा बस्न्या नेवारले वत्तिलाई धागो साज बेहान "'१"'का स्थानमा पुन्याउनु भजन गर्नु इन्हेहरूलाई चौधरीले पर्धनी नलिनु थरी मुखिया मौलामा सामेल भै सल्लाहसंग मौलाको काम गर्नु यो लेखियाबमोजीमका बन्देजमा जो रहोइन तेसलाई अैनवमोजीमको सजाय होला गुठियारले पनि साविक साल सालका सनद थितिभन्दा बढता रकम कलम लगाई दुःख दियाको ठहर्‍यो र दुनीया कराई कायल गन्यो भन्या अैन-बमोजिम सजाय होला भन्या साबिकवमोजीमको स्थिति बन्देजको रुक्का दस्तषत गरी बक्स्यौ इति सम्बत् १९३६ साल मिति माघ बदि ११ रोज ७ शुभम् — — —

—।—

## श्री ३ वीरशमशेरको वि. सं. १९५६ को रुक्कापत्र ।

परिचयः—

श्री ३ बीरशमशेरले अर्घा रजस्थल वस्ने रोमाखर भुसललाई अर्घाकोटकी महाकालीको गुठ थामी गरि-दिएको रुक्कापत्र, कम्याराडर इन चीफ देवशमशेर-द्वारा निजलाई लेखिई गएको हो ।

| श्री ५ सर्कार | श्री महाकाली | श्री ३ जंगबहादुर राणा |
|---|---|---|
| ४ | १ | २ |
| | श्री ३ महाराज | |
| | ३ | |

स्वस्ति श्री मदतिप्रचराङभुजदराडेत्यादि श्री श्री श्री महाराज वीरशमसेर जंग राणा बहादुर जी. सी. येस. आई. थोङ लिङ पिम्माको काङ वाङ स्यान्, पृ, अ, गो. द. वा. प्री. अ. गो. प्र. प. प्राइम्मिनिष्टर याराड कम्याराडर इन चीफकस्य रुक्का— — — — — — — — —

स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्री कम्याण्डर इन चीफ जनरल देवसंशेर जंग राणा बहादुरकस्य पत्रम्—

आगे अर्घा रजस्थल बस्न्या रोमाषर भुसालके यथोचित उप्रान्त अर्घाकोटको ... १ ... को नित्य नैमित्येक पर्व पर्वको पूजा गरि आयाको हुनाले मेरा दाज्यू देबीदास भुसालले ... २ ... का हजुरमा बिन्ति चढाई भत्के विग्रेको बनाई ठेक मोरु १९। गुठी कचहरीमा बुझाई खानु भन्या निजे दाज्यूका नाउमा ३१ साल माघ सुदी ८ रोजमा रुक्का दस्तखतको सनद गरीबक्सदा सोवमोजिम कामकाज गरी षाईरहेको ५४ साल श्रावण महीनामा नीज देबीदास भुसाल परलोक भया पछि ५४ सालका ठेक बुझाउनुपर्न्या रकम बुझाई रसिद लियाको छु यो ५५ सालको ठेक बुझि लीनु भन्या प्रमाणगी ल्याउ भनि गुठी कचहरीवाट भन्छन् सवदर दाज्यूको घरमा बसेको हुनाले र उनका नावालख छोरा हुनाले निज दाज्यू मरे तापनि निजका सनदवमोजिम मेरा नाउमा सनद गरी यो ५५ सालको ठेक पनि बुझी ली रसिद भरपाई जो गरिदिनुपर्छ गरीदिनू भन्या गुठी कचहरीका नाउमा प्रमाणगी पाउ भनि तिमिले चडायाका विन्तिपत्रमा यो व्यहोरा साचो र यस्को दाज्यू मरी यो नावालखसंगै रहेछ भन्या सो ठेक बुझ्नुपर्ने ५५ सालको ठेक यसवाट बुझी यसैका नाउमा सनद गरी दिनु भन्या ... ३ ... बाट हुकुम भयाको छ भनी अदालत गोश्वाराको छाप लागेका प्रमाणगी पुर्जी नथी गरी विन्तिपत्र येही ५५ साल फाल्गुण सुदि२ रोज३ का दिन येस अडामा आयाकालाई सो हुकुमका प्रमाणगीवमोजीम बुझायाका ग्वाहा प्रमाण परिवन्दले नीज देवीदास भुसाल रोमाषर भुसालहरू सवदर दाज्यूभाई भयाको र आजसम्म नीज देवीदासका नाबालख छोराहरू निजै रोमाषर भुसालसंगै बसेको देखिनाले जाहेर गर्न्याका छौ यसका प्रमाणगीवमोजीम रोमाषरका नाउमा साविकवमोजिम वढावढको म्यादसमेत नटासी सनद गरिदिनु भनि यहि तोक सदर गरि वक्स्या नीज देवीदास भुसालका नाउमा भयाका सनदवमोजिम ... १ ... का गुठी तिमिलाई थामीवक्सेको छ सो सनदवमोजीम ५५ सालका बालिदेखि सालवसाल ठेक मोरु १९ ... ४ ... तर्फ गुठी वन्दोवस्त अडामा बुझाइ सो खेत २ का उबजनिले र अघिदेखि चली आयावमोजिमका आमदानीले साविकवमोजिम दानपत्र, तामापत्र, तारपत्र, पंजीलवमोजिम वडादसैं चैत्यादसैंसमेत जो चलाउनुपर्ने निथ्ये नैमित्यक पर्वपर्वका आजापूजा चलाइ सो ... १ ... का स्थान चौघडा सत्तल पाटी साविकवमोजिम भत्के विग्रेमा वनाई गहना, भाडा, नगदी, जिनसी जो छ तिम्रा जिम्मामा राखनु ... १ ... का जागीरदार कमी मोहिहरूले साविक दरी चली आयावमोजिमको टहल तीरो भरो गर्दा गर्दै खोसी पजनी नगर्नु साल सालको बुझाउनुपर्ने ठेक मोहरु १९। मार्ग महीनामा बुझाइ रसीद लिनु कीस्ता नाघ्यो भन्या किस्ताखिलाफि सुतसमेत बुझाउनुपर्ला सुखा असीना दैवी पर्‍यो भनौ मिन्हा पाउन्या छैन सो ... १ ... का स्थानमा साविक तावापत्र, तारपत्र, पंजील, सनद गैह्रकति नघटाइ पर्व पर्वको आजापूजा जो चलाउनुपर्ने चलाई ठेक बुझाइ ... १ ... का जागीरदार कमी मोहीहरूलाई पीडित नगर्न्यासम्म षोसमोस हुन्या छैन सोवमोजिम नगरी गुठी पर्व पर्वका आजापुजा घटाई जत्रतत्र गरी कामदार मोहिहरूलाई बेकसुरमा षोसी भत्के विग्रेमा समेत नवनायाको ठहर्‍यो भन्या ऐनवमोजिम सजाय गरी गुठीस्मेत झिकिनेछ भन्या निज रोमाषर भुसालका नाउमा रुक्का दस्तषतको सनद गरि वक्सनुपर्न्या हाम्रो चित्तमा लाग्यो सोवमोजिम सदर गरी वक्सने र मोरु १९। मात्र ठेक तिरि षान पाउदैन ऐनवमोजिम ७ दिने बढावढको म्याद टासी वन्दोवस्त गर्नु भन्या तोक गरीवक्सने सरकारको तजवीज भनी ५५ साल चैत्र वदि रोज ३मा सो मुद्दाका जो भयाको मिसिल कागजस्मेत गासि जाहेर गरेको रपोट मुलुकी अडालगायेत दुकुम मर्जीबाट ५५ साल चैत्र सुदि ६ रोज १ मा सदर गरी वक्स्याको हुनाले सो सदर भयाका रपोट मुताविक ... १ ... का गुठी १ तिमीलाई थामीवक्सेको छ सो सदर भयाका रपोटवमोजिम गर्नु भन्या निज रोमाषर भुसालका नाउमा रुक्का दस्कत गरी वक्सनुपर्ने ठहरायू भनि ... ४ ... तर्फ गुठी वन्दोवस्त अडाका डीट्ठा टीकानिधि लोहनी लिषित षरिदार जुजु मानले हाम्रा हजुरमा विन्ति पार्दा जाहेर भयो तसर्थ सो ठहरायावमोजिम गर्ने काम गर इति सम्वत् १९५६ साल मिति वैसाष वदी २ रोज ५ शुभम् — — — — — —

—।—